# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं, साउन ३१ गते २०६७ साल (संख्या १८

## भाग ५

### नेपाल सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३क. को उपदफा (२)ले दिएको अधिकार प्रयोग गरी हाल कायम रहेको बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको क्षेत्रफलमा देहायको चार- किल्लाभित्रको १८० वर्ग किलोमिटर क्षेत्रलाई समावेश गरी बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको सीमाना हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**मध्यवर्ती क्षेत्रको चारकिल्ला**

पूर्वः खण्ड ४६, संख्या ३३ मिति २०५३।८।१७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचना अनुसारको बर्दिया राष्ट्रिय निकु- ञ्जको मध्यवर्ती क्षेत्रको पूर्वी सीमानामा उल्लेख भएको बबई नदी र गिद्दखोलाको दोभानबाट गिद्देखोला हुँदै पानीढलो भएर डाँडैडाँडा छिन्चु गाउँ विकास समितिको वडा नं. १ को पूर्वी सीमाना।

पश्चिमः कर्णाली नदी।

उत्तरः छिन्चु गाउँ विकास समिति वडा नं. १, ३ र ४ को सीमाना- लाई भित्र पारेर लेखपराजुल गाउँ विकास समितिको सानो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।